भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्याः १७ मितिः २०७५/११/२७

भाग-२

भूमे गाउँपालिका


## गाउँपालिका सामाजिक परीक्षण कार्यविधि - २०७५

**गाउँसभामा प्रस्तुत मितिः २०७५।११।२६**
**गाउँसभाबाट स्वीकृत मितिः २०७५।११।२६**

**परिचय**

एक आर्थिक वर्षमा गाउँपालिकाको समग्र सामाजिक उत्तरदयित्व परीक्षण (लेखाजोखा) गर्ने पद्धतिलाई स्पष्ट तथा निर्देश गर्न सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै नेपाल सरकारको कानूनले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, योजनाले ल्याएको परिवर्तन र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्न गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद -१

### उद्देश्य, संक्षिप्त नाम र परिभाषा

**१ उद्देश्य**

गाउँपालिकाको सामाजिक काम कर्तव्य, त्यसलाई पालना गर्न भएको प्रयास तथा उपलब्धिको परीक्षण गर्ने प्रक्रियालाई मार्गदर्शन गर्नु कार्यविधिको मुख्य उद्देश्य हुनेछ । यस कार्यविधिले सामाजिक परीक्षणको व्यवस्था अनिवार्य रुपमा लागू गर्न, परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक परीक्षण प्रक्रियामा एकरुपता ल्याउन, सामाजिक

परीक्षण प्रक्रियालाई संस्थागत विकास गर्न सहयोग पुऱ्याउनेछ ।

२ **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "भूमे गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

३ **परिभाषाः**

क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले भूमे गाउँपालिकालाई सम्झनु पर्दछ । विषय र प्रसङ्गअनुसार सो शब्दले गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरुलाई समेत जनाउनेछ ।

ग) "सभा भन्नाले" भन्नाले भूमे गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ ।

घ) "कार्यपालिका" भन्नाले भूमे गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ) "गाउँपालिकाको प्रमुख" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भूमे गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

छ) "सामाजिक परीक्षण (Social Audit)" भन्नाले सामाजिक कार्यसम्पादनको लेखाजोखालाई सम्झनुपर्छ । यसले सामाजिक जिम्मेवारी पूरा गर्ने तर्फ लगानी केन्द्रित छ छैन भन्ने विषयमा जनधारणा समेत बुझी सुधारको अवसर प्रदान गर्दछ । सामजिक परीक्षणले समाजका बिपन्न, दलित, जनजाति, महिला, बालबालिका तथा पिछडिएका वर्ग, अपाङ्ग, जेष्ठ, नागरिकको उत्थानमा गरेको प्रयास तथा त्यसको उपलब्धि असर प्रभावलाई समेतलाई लेखाजोखा गर्दछ ।

ज) "गैसस" भन्नाले गैर सरकारी संस्थालाई सम्झनु पर्दछ ।

## परिच्छेद- २
## संस्थागत व्यवस्था

४ **सामाजिक परीक्षण सम्बन्धी संस्थागत व्यवस्था**

क) गाउँपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धिको लेखाजोखाका लागि वर्षको एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ। सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिकभित्र गरिसक्नु पर्नेछ ।

तर कुनै आयोजना/ योजना विशेषको थप सामाजिक परीक्षण गर्नको लागि यो व्यवस्थाले बाधा पुऱ्याएको मानिने छैन ।

ख) कार्यालयको सूचनापाटी, वेबसाइट वा स्थानीय पत्रिकामा सूचना प्रकाशित गरी (वडा

कार्यालयको हकमा सूचना टाँस गरी) प्रतिस्पर्धात्मक तरिकाले गाउँपालिकाले एक सामाजिक परीक्षकलाई सेवा करारमा नियुक्त गर्नेछ । निजको कार्य विवरण र योग्यता अनुसूची १ मा राखिएको छ ।

ग) सामाजिक परीक्षण कार्यमा समन्वय गर्न तथा सामाजिक परीक्षकलाई सहयोग गर्नका लागि गाउँपालिकाले निम्नानुसारको सामाजिक परीक्षण समन्वय समिति गठन गर्न सक्नेछ :-

क) प्रमुख प्रशासकीय अधिकृतः **संयोजक**

ख) गाउँ कार्यपालिका सदस्य: **सदस्य**

ग) प्रशासन तथा योजना शाखा प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रतिनिधि : **सदस्य**

घ) महिला/दलित/अपाङ्ग सम्बन्धी गाउँपालिकास्तरीय समितिको प्रतिनिधि : **सदस्य**

ङ) आदिवासी तथा जनजाति सम्बन्धी गाउँपालिकास्तरीय समितिको प्रतिनिधि : **सदस्य**

च) स्थानीय गैसस वा टोल विकास संस्था वा सामुदायिक संस्था वा उपभोक्ता समितिको एक जना प्रतिनिधि : **सदस्य**

छ) स्थानीय उद्योग वाणिज्य संघबाट एक जना सदस्य (प्रतिनिधि) : **सदस्य**

ज) सम्बन्धित गाउँपालिकाको सचिव वा निजले तोकेको सम्बन्धित विषय हेर्ने कमर्चारी : **सदस्य - सचिव**

तर, गाउँपालिकामा यस्तो समिति गठन नभएको अवस्थामा परामर्शदाता वा विज्ञ (सामाजिक परीक्षक) ले गाउँपालिका र विषयगत कार्यालयको कर्मचारीहरुको सहयोगमा सामाजिक परीक्षण कार्य सम्पन्न गर्नेछ ।

घ) सामाजिक परिक्षण समन्वय समितिको बैठक वर्षमा बढीमा चार पटकसम्म बस्न सक्नेछ । समितिको सदस्यले गाउँपालिकाका अन्य समितिहरुका सदस्यहरुले पाए सरहकै बैठक भत्ता पाउनेछन् ।

## परिच्छेद - ३
## सामाजिक परीक्षण विधि

५ सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरु प्रयोग गरी पूरा गरिनेछ ।

**क) सन्दर्भ सामाग्री समीक्षा र अध्ययन**

अ) गाउँपालिका सम्बन्धी ऐन, नियम, कार्यविधिहरु र निर्देशिकाहरु

आ) गाउँपालिकाको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य

इ) आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरुको समेत)

ई) सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना

उ) नागरिक वडापत्र

ऊ) वार्षिक प्रतिवेदनहरु

**ख) अन्तरवार्ता र समूह छलफल**

गाउँपालिका वा अन्तर्गतका निकायका पदाधिकारीहर, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुपर्नेछ । अन्तरवार्ताबाट समेटिन नसकेको विषयहरुका लागि सम्बन्धित कर्मचारीहरुको सानो समूह बनाई समूह छलफल गर्नु गराउनु पर्नेछ । प्रमुख समस्या, चुनौति र तिनीहरुको सम्पादनको अवस्था तथा भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रुपमा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

**ग) प्रतिवेदन प्रस्तुति तथा छलफल**

अनसूची २ र ३ मा उल्लिखित ढाँचामा आधारित प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रीकृत रही छलफलको लागि प्रस्तुत गरिनेछ ।

क) सामाजिक परीक्षणका निश्कर्षहरु

ख) सामाजिक परीक्षणमा औंल्याएका सवालहरु

ग) सवालहरुको प्राथमिकीकरण

घ) यी सवालहरुलाई सम्बोधन गर्ने प्रतिवद्धता (समयसीमा सहित)

ङ) सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु र

च) सुझावहरु

**घ) प्रतिवेदन तयारीः**

अ) छलफलमा उठेका सुझाव तथा निर्णयहरु र कार्ययोजना सहित प्रतिवदेन तयार गरिनेछ ।

आ) विषयगत कार्यालयहरु र गाउँपालिकाको वार्षिक योजनामा समावेश भएका गैर सरकारी संस्थाहरुको हकमा गाउँपालिकाकै अभिन्न अंगको रुपमा सामाजिक परीक्षणमा समावेश गरिनेछ ।

इ) सामाजिक परीक्षकले कार्यालय, सरोकारवाला र वास्तविक उपभोक्ता प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरुसँग अन्तरक्रिया गरी अनुसूची २ र ३ अनुसारको सामाजिक प्रतिवेदन तयार गर्नु पर्नेछ ।

## ६ सामाजिक परीक्षणको तयारी

क) सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित हुन गाउँपालिकाका प्रमुख सरोकारवालाहरु तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरु (वर्तमान पदाधिकारीहरु, नागरिक समाज, राजनैतिक दलहरु, प्रमुख करदाताहरु, पूर्व जनप्रतिनिधिहरु, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था तथा सामुदायिक

संस्थाहरु, सामाजिक परिचालक, नागरिक समाजका संस्था, स्थानीय सेवा प्रदायक संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवीहरु, प्रत्यक्ष उपभोक्ता प्रतिनिधि आदि) सँग अन्तरक्रियाका लागि आह्वान गर्नु पर्नेछ ।

ख) सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन उपलब्ध सञ्चारका माध्यमहरुद्धारा सर्वसाधारण नागरिकलाई समेत आमन्त्रण गर्नु पर्नेछ । खासगरी विपन्न, महिला, दलित, आदिवासी जनजाति, मधेसीलाई अनिवार्य समेट्नु पर्नेछ ।

## ७ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति कार्याक्रम सञ्चालन विधि

**क)** समाजिक परिक्षण प्रतिवेदन प्रस्तुति कार्यक्रममा सहभागीहरुको उपस्थिति पुस्तिका राख्नु पर्नेछ । उक्त पुस्तिकामा सहभागिहरुको नाम, पद, ठेगाना तथा प्रतिनिधित्व गरेको संस्था उल्लेख हुनु पर्नेछ ।

**ख)** कार्यक्रमको प्रारम्भमा सहभागीहरुलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचार संहिता बारे जानकारी दिनुपर्नेछ ।

**ग)** समितिका संयोजक वा सामाजिक परीक्षकले अनुसूची - २ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गर्नेछ । तत्पश्चात् विषयगत शाखा, वडा कार्यालय, गै.स.स., कार्यक्रम तथा परियोजना प्रमुख वा सामाजिक परीक्षणकले अनुसूची - ३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गर्नेछन् ।

**घ)** गाउँपालिकाको तर्फबाट कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिकोतर्फबाट कार्यक्रमका सहभागीहरु समक्ष निम्न प्रकारका प्रश्नहर क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरुको प्रतिक्रिया तथा सुझाव आह्वान गर्नुपर्दछः-

**अ)** गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव

**आ)** गाउँपालिकाले गरेका विकास योजनाहरुमा जन सहभागिताको स्थिति के कस्तो छ ?

**इ)** गाउँपालिकाले समयमा सेवा सुविधा, सेवा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरु

**ई)** गाउँपालिकाकोतर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता

**उ)** बालबालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नगरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता

**ऊ)** गाउँपालिकाले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर

**ऋ)** सामाजिक उत्तरदायित्व पूरा गर्न गाउँपालिकाको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरु

**ङ)** सहभागीहरुले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरुलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरु तथा सामाजिक परीक्षकले टिपोट गरी राख्नुपर्दछ । सहभागीले राखेका जिज्ञासा तथा विचारमा गाउँपालिकाको तर्फबाट थप स्पष्ट पारिनेछ ।

**च)** सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरुको आधारमा सामाजिक परीक्षकले सार संक्षेप तयार गर्नेछ ।

## परिच्छेद- ४
## प्रतिवेदन कार्यान्वयन

८) सामाजिक परीक्षण प्रतिवेदन (अनुसूची ४) योजना तर्जुमाको प्रत्येक चरण र कार्यपालिका तथा सभामा पेश गर्नु पर्नेछ ।

९) गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरेको सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक गरिनेछ ।

१०) सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गराउने जिम्मेवारी सम्बन्धित गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

## परिच्छेद - ५
## आचार संहिता

**११) आचार संहिता**

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरुले निम्न अनुसारका आचारसंहिता पालना गर्नुपर्दछ :-

क) विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने ।

ख) तथ्य र सूचनाको आधारमा रही विचार राख्ने ।

ग) निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने ।

घ) सहभागीहरुले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रुपमा लिने ।

ङ) व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने ।

च) सहभागीहरुलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने ।

छ) सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरुले आफ्ना कुराहरु राख्ने ।

ज) बोल्दा पालैपालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने ।

झ) आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने।

**१२) कागजात उपलब्ध गराउनु पर्ने**

सामाजिक परीक्षण समन्वय समिति तथा सामाजिक परीक्षकले मागको विवरण तथा कागजात गाउँपालिका, वडा कार्यालय, विषयगत कार्यालय, गै.स.स. तथा अन्य संस्थाले उपलब्ध गराउनु पर्नेछ

।

## परिच्छेद -६
## विविध

१३) **अभिमुखिकरण तथा तालिम सम्बन्धी व्यवस्था:** यो कार्यविधि लागू गरेपछि गाउँपालिकाका पदाधिकारी, कर्मचारी तथा मुख्य सरोकारवालाहरुलाई अभिमुखिकरण तथा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

१४) **थपघट र हेरफेर :** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध र अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार ब्याख्या, थपघट, संशोधन वा हेरफेर गर्न सक्नेछ।

१५) **बचाउ :** साविक सामाजिक परीक्षण कार्यविधि बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेका मानिनेछन् ।

(२) यस कार्यविधिको कुनै प्रावाधान प्रचलित कानून एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

## अनुसूची १
### (बुँदा ४.२ सँग सम्बन्धित)
### सामाजिक परीक्षक सम्बन्धी व्यवस्था

गाउँपालिकाले एक बर्षसम्म सम्पादन गरेका कामहरुबाट के कति सामाजिक विकास भयो अथवा पालिकाले सामाजिक उत्तरदायित्व पूरा गर्न सम्पादन भएका कामहरु, उपलब्धिहरु र प्रभावहरुको लेखाजोखा गरी प्रतिवेदन पेश गर्न सामाजिक परीक्षकको रुपमा एक विज्ञलाई सेवा करारमा लिनु पर्नेछ ।

**१ सामाजिक परीक्षकको योग्यता**

अ) गाउँपालिकाको हकमा कम्तिमा स्नातक उतीर्ण र वडाको हकमा हकमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा अनुभव,

आ) सामाजिक परीक्षण सम्बन्धी कम्तिमा एक दिनको अनुशिक्षण प्राप्त

इ) गाउँपालिकाको योजनामा प्रत्यक्ष सम्बन्ध नरहेको व्यक्ति

**२ पारिश्रमिक**

सामाजिक परीक्षकका लागि गाउँपालिकाको हकमा बढीमा १५ दिन, वडा कार्यालयको हकमा

बढीमा १० दिन कार्य दिन तय गरी रु. १००० देखि रु. ३००० सम्म प्रतिदिन पारिश्रमिक आपसी समझदारीमा तय गर्न सकिनेछ ।

**३ सामाजिक परीक्षकका कामहरु**

सामाजिक परीक्षणका कामलाई ३ चरणमा विभाजन गरिएको छ ।

**क) तयारी चरण**

यस चरणमा निजले बाह्य वा आन्तरिक रुपमा सूचना सङ्कलन गर्नु पर्नेछ । अध्ययन गर्नु पर्ने विषयहरु निम्नानुसार हुनेछन् :

अ) गाउँपालिका सम्बन्धी ऐन, नियम र कार्याविधिहरु
आ) गाउँपालिकाको काम, कर्तव्य र अधिकार
इ) गाउँपालिका वा अन्तर्गतका निकायको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
ई) आवधिक तथा वार्षिक योजना (विषयगत कार्यालयहरुको समेत)
उ) सामाजिक उपलब्धि, कार्यसम्पादन, परिणाम र प्रभाव सम्बन्धी तथा सूचना
ऊ) नागरिक वडापत्र
ऋ) वार्षिक प्रतिवदेन

**ख) कार्यान्वयन चरण**

गाउँपालिका वा अन्तर्गतका निकायको सामाजिक कार्य सम्पादनका विषयमा स्पष्ट भएपछि गाउँपालिकाका पदाधिकारीहरु, कार्यालय प्रमुख, शाखा आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुखसँग अर्धसंरचित (Semi Structure) अन्तरवार्ता लिनु पर्नेछ । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरुका लागि सम्बन्धित कर्मचारीहरुको सानो समूह बनाई समूह छलफल गर्नु पर्नेछ । प्रमुख समस्या, चुनौति, तिनीहरुको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुँदागत रुपमा प्रतिवेदन तयार गर्नु पर्नेछ । कार्यान्वयन चरणको अन्त्यमा सम्पूर्ण सरोकारवालाको भेलामा सो प्रतिवेदन प्रस्तुत गरी छलफल गर्नु पर्नेछ । भेला गाउँपालिका अध्यक्षको अध्यक्षतामा बस्नेछ । सो छलफल निम्नलिखित विषयवस्तुहरुमा केन्द्रित रहनेछ :-

अ) सामाजिक परीक्षणका निश्कर्षहरु
आ) सामाजिक परीक्षणले औंल्याएका सवालहरु
इ) सवालहरुको प्राथमिकीकरण
ई) यी सवालहरुलाई सम्बोधन गर्ने प्रतिवद्धता (समयसीमा सहित)
उ) सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु र सुझाव

**ग) प्रतिवेदन चरण**

सरोकारवालाको भेला पश्चात् सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार गर्नुपर्नेछ। भेलामा उठेका सुझाव तथा निर्णयहरु र कार्ययोजना सहित भेला अध्यक्षलाई प्रतिवेदन बुझाउनु पर्नेछ ।

**अनुसूची - २**

**(बुदा ८.३ सँग सम्बन्धित)**

**भूमे गाउँपालिका .................. वडा**

**सामाजिक परीक्षक प्रतिवेदन**

**(बृहत छलफलमा प्रस्तुत गरिने)**

गाउँपालिकाको नामः

मितिः

४ सामाजिक कार्यक्षेत्रको छोटकरी परिचय (बुँदागत रुपमा लेख्ने) :

क.

ख.

ग.

५ गाउँपालिकाको प्राथमिकता तथा लक्षहरु (बुँदागत रुपमा लेख्ने) :

क.

ख.

ग.

६ गतवर्षको मुख्य मुख्य उपलब्धिहरु (बुँदागत रुपमा लेख्ने) :

क.

ख.

ग.

७ गतवर्षको मुख्य मुख्य उपलब्धिहरु (विषयगत रुपमा प्रस्तुत गर्ने) :

क.

ख.

ग.

८ सामजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | विषयगत कार्यालय/ कार्यक्रम तथा परियोजना / शाखाको |
|---|---|

| | उपलब्धि (सूचक सहितको कामको विवरण उल्लेख गर्ने) |
|---|---|
| स्वास्थ्य | |
| शिक्षा | |
| विकासमा सहभागिता (योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनको क्रममा भएको छलफलको संख्या, सहभागीहरुको संख्या, छलफलका क्षेत्र तथा निश्कर्ष उल्लेख गर्ने ।) | |
| समता (बालबालिका, महिला, दलित र पिछडिएको वर्गको क्षमता विकास ) (कार्यक्रमबाट लाभन्वित वर्ग, भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गको संख्या, निजहरुको पाएको सेवा तथा दिइएको अवसरलाई छुट्टछुट्टै रुपमा देखाउने ।) | |

९ गत वर्षमा भोगेका समस्याहरु (बुँदागत रुपमा लेख्ने) :

क.

ख.

ग.

१० सुधारको लागि चाल्नुपर्ने कदमहरु तथा सुझाव (बुँदागत रुपमा लेख्ने) :

क.

ख.

ग.

| | |
|---|---|
| कार्यालय प्रमुखको नामः | साजिक परीक्षकको नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |

**अनुसूची - ३**

**(बुदा ८.३ सँग सम्बन्धित)**

**.............विषयगत कार्यालय/ गैर सरकारी संस्था**

**...... गाउँपालिका/वडा कार्यालय**

**सामाजिक परीक्षकको प्रतिवेदन**

**(बृहत छलफलमा प्रस्तुत गरिने)**

**११ विषयगत कार्यालय/ गैर सरकारी संस्थाको नामः**

**१२ लक्ष्य**

क.

ख.

ग.

**मुख्य उद्देश्य (बुँदागत रुपमा लेख्ने)**

क.

ख.

ग.

**गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण**

| सञ्चालित योजना/ कार्यक्रमको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

१३ सरोकारवाला पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु (बुँदागत रुपमा प्रस्तुत गर्ने) :

क.

ख.

ग.

१४ सामाजिक जिम्मेवारी बहन गर्ने क्षमताः

| सामाजिक जम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| | |
| | |

१५ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु (बुँदागत रुपमा लेख्ने) :

क.

ख.

ग.

१६ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु (बुँदागत रुपमा लेख्ने) :

क.

ख.

ग.

| | |
|---|---|
| प्रमुखको नामः | सामाजिक परीक्षकको नामः |
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |

**अनुसूची - ४**

**(बुदा ९ सँग सम्बन्धित)**

**सामाजिक परीक्षकले सम्बन्धित गाउँपालिकाका प्रमुख समक्ष पेश गर्ने प्रतिवेदनको ढाँचा**

१७ गाउँपालिकाको नामः

१८ बुहत् छलफल कार्यक्रमको विवरण

क. मितिः ख.स्थानः ग.समयः

- उपस्थिति

| नाम | संस्था | पद | कैफियत |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| | | | |

- गाउँपालिका र विषयगत कार्यालय/ गैर सरकारी संस्थाको विवरण संलग्न राख्ने (अनुसूची २ र ३)
- प्रस्तुत विवरण माथि सामाजिक परीक्षणको सार्वजनिक कार्यक्रमा प्राप्त प्रतिकृया तथा सुझाव

| क.सं. | सुझावकर्ताको नाम | सुझावको क्षेत्र | प्रतिकृया तथा सुझावको सारसंक्षेप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

१९ सामाजिक परीक्षण सार्वजनिक कार्यक्रममा उठाइएका सवालहरुमाथि गाउँपालिका र विषयगत कार्यालय/ गैर सरकारी संस्था आयोजना प्रमुख वा प्रतिनिधिको जवाफ (बुँदागत रुपमा लेख्ने)

२० सहभागीबाट प्राप्त प्रतिकृया तथा सुझाव र त्यसमाथि भएको थप विश्लेषणको सारसंक्षेप :

गाउँपालिका प्रमुखको नामः

दस्तखतः

पदः

मितिः

सामाजिक परीक्षकको नामः

दस्तखतः

पदः

मितिः

**आज्ञाले,**

**चन्द्रसिंह श्रेष्ठ**

**प्रमुख प्रशासकीय अधिकृत**

**अनुसूची २**

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

भूमे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

**भाग-२**

**भूमे गाउँपालिका**

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार वा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा

आज्ञाले,

नाम

प्रमुख प्रशासकीय अधिकृत